मा. रानी कुमारी तिवारी
Hon. Rani Kumari Tiwari
मन्त्री
Minister

मो. नं. ९८०१६०९७३८, ९८५४०६२३०१
Mob.: 9801609738, 9854062301
E-mail : ranikumari.tiwary@gmail.com

मधेश प्रदेश सरकार
Government of Madhesh Province
शिक्षा तथा संस्कृति मन्त्रालय
Ministry of Education and Culture
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham, Dhanusha, Nepal

शिक्षा तथा संस्कृति मन्त्रालय निजी सचिवालय जनकपुरधाम, धनुषा, नेपाल

२०८२/१२/१८

प्रिय विद्यार्थी भाइबहिनीहरू,

यही चैत्र १९ गते देखि हुन गईरहेको SEE परीक्षा २०८२ मा सहभागी हुन लाग्नुभएको यस महत्वपूर्ण अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

तपाईंहरू आफ्नो शैक्षिक यात्राको एक अत्यन्त महत्वपूर्ण चरण - SEE २०८२ को परीक्षा विद्यार्थी जीवनको एउटा महत्वपूर्ण मोड हो । यसले केवल शैक्षिक ज्ञानको मात्र मूल्यांकन नगरी तपाईंहरूको अनुशासन, धैर्यता, परिश्रम र आत्मविश्वासको समेत परीक्षण गर्दछ । आजसम्म तपाईंहरूले देखाउनुभएको निरन्तर मेहनत, लगनशीलता र समर्पण नै तपाईंहरूको सफलताको आधार बन्नेछ भन्नेमा पूर्ण विश्वास छ ।

भय रहित वातावरणमा आत्मविश्वास, सकारात्मक सोच र संयमताका साथ परीक्षा दिनुहोस् । सफलता सधैं निरन्तर प्रयास, दृढ संकल्प र आत्मविश्वासको फलस्वरूप प्राप्त हुन्छ ।

तपाईंहरूको सफलतामा परिवार, समाज र समग्र राष्ट्रको आशा जोडिएको छ । आजका विद्यार्थीहरू नै भोलिका सक्षम नागरिक, जिम्मेवार नेतृत्वकर्ता र राष्ट्र निर्माणका आधार स्तम्भ हुन् ।

SEE २०८२ को परीक्षामा सहभागी सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूको उज्ज्वल भविष्यको कामना गर्दै सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । तपाईंहरूको अथक परिश्रमले अवस्य पनि उत्कृष्ट र सुनौलो परिणाम ल्याउनेछ भन्नेमा म पूर्ण विश्वस्त छु । साथै परीक्षामा सहभागी भाईबहिनीहरूलाई उचित सहयोग र मर्यादित बनाउन प्रधानाध्यापक, शिक्षक, अभिभावक लगायत सम्पुर्ण सरोकारवाला निकायहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

..............................

मा.रानी कुमारी तिवारी

(मन्त्री)

CamScanner